जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३३ अंक २७५ २०८१ साल जेठ २६ गते शनिबार (8 June 2024 Saturday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अब वैदेशिक रोजगारीसम्बन्धी.. ३ पृष्ठमा : नौ महिनामा विद्युत् प्राधिकरणको ... ३ पृष्ठमामानहानि मुद्दामा राहुल...

# एक दशकको राजनीतिक यात्रामा मुख्यमन्त्री बन्न सफल

**नवीनकुमार गुप्ता**
**राजविराज, २५ जेठ ।**

दश वर्षअघि शरद्सिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी (रामसपा) बाट राजनीतिमा होमिएका सतिश कुमार सिंह शुक्रबार मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन् ।

सप्तरी जिल्लाको तिलाठी कोईलाडी गाउँपालिकाको कोइलाडी गाउँमा २०३९ मंसिर ८ गते जन्मिएका सिंह जिल्लाबाट पहिलो तथा प्रदेशको तेश्रो मुख्यमन्त्री बनेका हुन् ।

रामसपाका सप्तरी उपाध्यक्ष र अध्यक्षहुँदै बि.स. २०७४ सालमा तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा) बाट उम्मेदबार भई सिंह तिलाठी कोईलाडी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएका थिए । उनी बिस. २०७९ सालमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट सोही गाउँपालिकाको अध्यक्ष पदमा पुनः चुनाव लड्दा पराजित भएपछि जनमत पार्टीमा प्रवेश गरेर सोही वर्ष प्रदेशसभा सदस्यमा निर्वाचित भई अहिले मधेश प्रदेशका मुख्यमन्त्री बन्न सफल भएका छन् ।

प्रदेशसभामा अर्थ तथा योजना समितिका सभापती पदमा रही कुशलतापूर्वक जिम्मेवारी बहन गरिसकेका मुख्यमन्त्री सिंह पिता शेखर सिहलाई राजनीतिक प्रेरणाको श्रोत मान्छन् । मुख्यमन्त्री सिंहका पिता शेखर सिंह अहिले लोसपाबाट राष्ट्रिय सभासदस्य छन् । पार्टी फरक भएपनि बाबु कै प्रेरणाबाट राजनीतिमा होमिएको बताउने सतिश सिंह भन्छन-“पार्टी फरक भएपनि संस्कार र ज्ञान उहाँबाटै प्राप्त गरी राजनीतिमा अघि बढिरहेको छुँ ।”

कुनै बेला क्रिकेटको राम्रा खेलाडी रहेका उनी गाउँ कै कोइलाडी क्रिकेट क्लबका कप्तान समेत थिए । अहिले मधेश प्रदेश क्रिकेट संघको निर्वाचित सदस्य समेत रहेका सिंह सम्भवत देशकै तथा प्रदेशको पहिलो कान्छो मुख्यमन्त्री हुन् ।

यसैबीच मुख्यमन्त्री सिंहले पदभार ग्रहण पश्चात् ९ बुँदे महत्वपूर्ण निर्णय गरेका छन् ।



मधेशका १ सय ३६ वटै स्थानीय तहमा बाँझो जग्गा उपयोग गरी नमुना कृषि विकास मोडल लागू गरी 'एक पालिका एक कृषि उत्कृष्टता केन्द्र' स्थापना गर्ने, स्थानीय तहमा नमुना रुपमा एक/एक खुला शैक्षिक पार्क बनाउने, मधेश आन्दोलनका शहीद, घाइते परिवारलाई सम्बोधन हुने कार्यक्रम, संघीयताका प्रणेता स्वर्गीय गजेन्द्रनारायण सिंह र प्रथम गणतन्त्रवादी नेता स्व. रामराजाप्रसाद सिंहको सम्मानमा विशेष कार्यक्रम सञ्चालन गरिने, प्रदेशको तथ्यांक भरपर्दा र विश्वसनीय बनाउन आफ्नै डिजिटल तथ्यांक बैंक स्थापना गर्ने निर्णय गरेका छन् ।

यसैगरी वैदेशिक रोजगारबाट सीप सिकेर फर्केका जनशक्तिको पहिचान गरी श्रम बैंकको रुपमा स्थापना गरी सिपलाई रोजगारीसँग जोड्ने कार्यक्रम अगाडि बढाउने, मधेश प्रदेशमा लगानी सम्मेलन गर्ने, मधेशमा सुशासनको जग स्थापित गर्न खोजमूलक पत्रकारिता प्रवर्द्धन गर्दै प्रदेश सरकार र मिडिया साझेदार कार्यक्रम सञ्चालन गर्ने, मधेशको खेल क्षेत्रलाई गतिशील बनाउन प्रदेश गौरवको आयोजनाको रुपमा रंगशाला निर्माण गर्ने र खेलाडीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने निर्णय गरेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

## हार्दिक बधाई एवं शुभकामना



सप्तरी क्षेत्र नं. २ को १ बाट प्रदेशसभा सदस्यमा निर्वाचित
**सतिश कुमार सिंह** मधेश प्रदेशको **मुख्यमन्त्री**मा नियुक्त हुनुभएकोमा
हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**नवीनकुमार गुप्ता**
**प्रकाशक**
**राजविराज दैनिक** परिवार

## सम्पादकीय

# विरुवा रोप्दै प्रकृतीको संरक्षण आवश्यक

अहिले चारैतिर वायुमण्डलमा तातो हावा चलिरहेको छ, घाम निकै चर्को रहेको कारण गर्मी अत्यन्तै बढेर गएको छ । खासगरी शहरी क्षेत्रमा ग्रामीण क्षेत्रका तुलनामा बढी गर्मी महसुस भइरहेको छ । शहरी क्षेत्रमा धेरै जनसंख्या बसोवास गर्ने गरेकाले जनघनत्वका कारण गर्मी खपि नसक्नु हुँदै गएको छ । जनजीवन गर्मीका कारण अस्तव्यस्त र प्रभावित बनेको छ ।

ग्लोबल वार्मिङ्गका कारण हरेक वर्ष तापमानमा वृद्धि हुँदै गएको छ । वन फँडानी र चुरे दोहनका कारण पनि तराई(मधेशमा यसको असर देखिँदैछ । खासगरी तराई मधेशका शहरी क्षेत्रहरुमा यसको प्रभाव बढी देखिएको छ भने ग्रामीण क्षेत्रहरुमा पनि नकारात्मक प्रभाव बढेको छ । ग्लोबल वार्मिङ्गका कारण हाम्रो मौसमी चक्रलाई नै नराम्ररी प्रभावित बनाइरहेको छ । यसले गर्दा हाम्रो प्रकृति नै असन्तुलित हुँदै गएको छ । वर्षा न्यून हुँदै गएको छ जसले गर्दा अन्नबाली सप्रन पाएका छैनन् । हामीले गरेका गलत कार्यहरुका कारण ग्लोबल वार्मिङ्ग बढ्दै गएको छ । यस्तै रह्यो भने भोलिका दिनहरु अझ भयावह बन्ने निश्चित प्रायः रहेको छ । बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण नै ग्लोबल वार्मिङ्ग बढिरहेको छ । हामीले जानी नजानी प्रकृतिसँग खेलवाड गरिरहेका छौं जसको परिणाम स्वरुप ग्लोबल वार्मिङ्ग बढ्दै गइरहेको छ ।

यसलाई न्यून गर्दै फेरि पनि पृथ्वी र प्रकृतिलाई पुरानै गति र लयमा फर्काउने दायित्व पनि हाम्रै हो । हाम्रा गल्तीहरुका कारण ग्लोबल वार्मिङ्ग बढेको हो भने हाम्रै कारणबाट यसलाई ठीक पार्न सक्नु पर्दछ । तसर्थ रुखविरुवा रोप्दै प्रकृतिको संरक्षण समेतको कार्य तीब्रताका साथ गरिनु आजको आवश्यकता रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अब वैदेशिक रोजगारीसम्बन्धी मागपत्रको प्रमाणीकरण अनलाइनबाटै

काठमाडौं, २५ जेठ (रासस) ।

सरकारले वैदेशिक रोजगारसम्बन्धी मागपत्रको प्रमाणिकरण बिहीबारदेखि अनलाइनबाटै गर्न थालेको छ ।

बिहीबार कन्सुलर सेवा विभागमा आयोजित कार्यक्रममा उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले क्लिक गरेर सो सेवाको शुभारम्भ गर्नुभयो । बिहीबार पहिलो चरणमा युनाइटेड अरब इमिरेट्स (यूएई)को आबुधावीमा नेपाली राजदूतावासबाट उक्त सेवा सुरु गरिएको र अन्य देशमा पनि क्रमशः सञ्चालन गरिने मन्त्री श्रेष्ठले जनकारी दिनुभयो ।

उहाँले साउदी अरेबियाको रियादस्थित नेपाली राजदूतावासमा यो सेवा सन् २०२१ बाट सुरु गरिए पनि वैदेशिक रोजगार विभागमा नजोडिएकाले मागपत्र प्रमाणीकरण भए पश्चात पुनःकागजातमा छाप लगाएर पठाउनुपर्ने अवस्था रहेकोमा अब भने छाप लगाउन नियोगमा धाइरहनु नपर्ने भएको उल्लेख गर्नुभयो ।

प्रमाणीकरणको यो व्यवस्था नहुँदा रोजगारदाता कम्पनी तथा सम्बन्धित एजेन्सीहरु नियोगमा धाउनुपर्ने, कागजातको आधिकारिकता परीक्षणमा कठिनाइ हुने, धेरै लागत लाग्ने र कार्यप्रक्रिया पारदर्शी नहुनेलगायतका गुनासा प्राप्त हुने गरेको थियो ।

परराष्ट्रमन्त्री श्रेष्ठले उक्त सेवा बिहीबारबाट कार्यान्वयन भएपछि सम्बन्धित मुलुकका रोजगारदाता कम्पनीले नेपालबाट कामदार लैजान नेपाली नियोगमा अनलाइनबाट आवेदन गर्ने र त्यो आवेदन स्वीकृति भएपछि मात्रै राजस्व रकम भुक्तानी हुने पनि जानकारी दिनुभयो ।

"त्यसपछि अनलाइनबाट नै उक्त कागजातहरु वैदेशिक रोजगार विभागमा आइपुग्ने र विभागले रुजु गरी आवश्यक श्रम स्वीकृति प्राप्त हुनेछ", मन्त्री श्रेष्ठले भन्नुभयो, "यस व्यवस्थाबाट सम्बन्धित रोजगारदाता कम्पनी, श्रमिक छनोट गर्ने कम्पनी सबैले आफ्नो घर वा कार्यालयबाट मागपत्र प्रमाणीकरणका सबै प्रक्रिया अनलाइनबाटै पूरा गर्न सक्नेछन्, आवेदनको प्रगति विवरण हेर्न सक्ने, कुनै कागजात नपुगेमा अनलाइनबाटै हेर्न सक्ने, बिचौलियाजन्य कार्य निरुत्साहित हुने, रोजगारदाता र श्रमिक छनोट गर्नेलगायतका विवरण यस प्रणालीमा सुरक्षित हुन्छ ।"

यस प्रणालीका कारण कागजातहरु चाहेको बेला जुनसुकै समयमा हेर्न सकिने र उक्त मागपत्रका आधारमा लगिएका श्रमिकमाथिको जोखिम कम हुने पनि उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले यसबाट विद्युतीय सुशासन कायम भई सेवाग्राहीले लाभ लिने पनि उहाँले बताउनुभयो ।

त्यस अवसरमा श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले अनलाइनबाट मागपत्रको प्रमाणिकरणले अझै श्रमिकको हकहित र रोजगारदाता कम्पनीहरुको नियन्त्रण र सहजीकरणमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यो सेवालाई चुस्त बनाउनका लागि केही सुझाव प्रस्तुत गर्दै मन्त्री अर्यालले प्रणालीलाई चुस्त बनाएर लैजान कन्सुलर सेवा विभागलाई आग्रह गर्नुभयो । उहाँले तलब दर नेपाली पैसा वा अमेरिकी डलरमा राख्न पाउने व्यवस्था गर्न पनि विभागलाई आग्रह गर्नुभएको छ । यो सेवाको बारेमा रोजगारदाता कम्पनी तथा सम्बद्ध व्यक्तिहरुलाई प्रशिक्षण जरुरी रहेको उहाँले औँल्याउनुभयो ।

कन्सुलर सेवा विभागका महानिर्देशक प्रकाशमणि पौडेलले सेवालाई क्रमिक रुपमा अनलाइनमार्फत दिने काम जारी रहेको बताउँदै सोही अनुरुप यो नयाँ सेवा थप गरिएको बताउनुभयो । यसले स्रोत साधन, समयको बचतसँगै गुणत्मक सेवा प्राप्त गर्न सकिने उहाँले बताउनुभयो ।

उहाँले वैदेशिक रोजगारीका लागि मागपत्र, प्रतिबद्धतापत्र, कार्यसम्झौता, नमूना रोजगारी सम्झौतालगायतका कागजातहरु प्रमाणिकरण गर्न आवश्यक हुन्छ । यो प्रणाली सुरु भएसँगै अब त्यही कागजातहरु अनलाइबाटै प्रमाणिकरण सुरु भएको हो ।

# यस वर्षको मनसुनमा कोशी र मधेस बढी प्रभावित हुने अनुमान

काठमाडौं, २५ जेठ (रासस) ।

यस वर्षको मनसुनमा कोशी प्रदेश र मधेस प्रदेश बढी प्रभावित हुने अनुमान गरिएको छ । गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबैभन्दा बढी कोशी र त्यसपछि मधेस प्रदेश प्रभावित हुने अनुमान गरेको हो । तेस्रोमा लुम्बिनी पनि प्रभावित हुने प्राधिकरणको अनुमान छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले मनसुन अवधिमा कोशीमा एक लाख १३ हजार परिवारका झण्डै पाँच लाख मानिस विपद्बाट कुनै न कुनै रुपमा प्रभावित हुने अनुमान गरिएको जानकारी दिनुभयो । बढी पानी पनि सोही क्षेत्रमा पर्ने र बाढीपहिरो तथा डुबानका घटना हुन सक्ने अनुमान गरिएको उहाँले बताउनुभयो । कोशीमा २२ हजार घर प्रत्यक्ष प्रभावित हुने तथा पाँच हजार परिवारलाई राहत र उद्धार गर्नुपर्ने अवस्था आउनसक्ने अनुमान गरिएको छ ।

त्यसपछि मधेस प्रदेशमा ९८ हजार घरपरिवारका चार लाख ३० हजार मानिस प्रभावित हुने अनुमान गरिएको छ । कूल २० हजार प्रत्यक्ष प्रभावित हुने तथा चार हजार घरपरिवारलाई राहत र उद्धार गर्नुपर्ने अवस्था आउन सक्ने प्राधिकरणको आँकलन छ ।

तेस्रोमा लुम्बिनी प्रदेशका ७७ हजार घरका तीन लाख ३६ हजार पाँच सय ५८ व्यक्ति प्रभावित हुने अनुमान छ । उक्त प्रदेशमा १५ हजार परिवार प्रत्यक्ष प्रभावित हुने र तीन हजारलाई उद्धार र राहतको आवश्यकता पर्न सक्ने अनुमान गरिएको प्राधिकरणले जनाएको छ ।

बागमती प्रदेशमा ३३ हजार तीन सय ७१ घर परिवारका एक लाख ४६ हजार, गण्डकी प्रदेशका २५ हजार घर परिवारका एक लाख १० हजार पाँच सय ५४, कर्णाली प्रदेशमा ११ हजार पाँच सय ४८ घर परिवारका ५० हजार चार सय ६४ मानिस प्रभावित हुने अनुमान गरिएको छ ।

यस्तै सुदूरपश्चिम प्रदेशमा ५३ हजार घर परिवारका दुई लाख ३३ हजार एक सय ९० व्यक्ति कुनै न कुनै रुपमा विपद्बाट प्रभावित हुने र त्यसमध्ये पाँच हजार घर परिवार प्रत्यक्ष प्रभावित भई एक हजार पाँच सय घरलाई प्रत्यक्ष राहत र उद्धार गर्नुपर्ने अवस्था आउन सक्ने अनुमान छ ।

विभिन्न विश्लेषणका

*बाँकी अन्तिम पृष्ठमा*

## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं: ४८८०

मिति २०८१।०२।२५

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने परशु राम चौधरी र हरेराम चौधरीले तपसिलका जग्गा संयुक्त नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८१।०२।२३ मा द.न.४७६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

जि.स.रा.वि.न.पा. वडा नं ३ बस्ने स्व.विन्देश्वरी प्रसाद चौधरी नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | सखुवा पथर गाडा | ७ क | १८२ | ०-९-२ |
| सप्तरी | सखुवा पथर गाडा | ७ क | १९१ | ०-२-१३ |
| सप्तरी | सखुवा पथर गडा | ७ क | १९२ | ०-३-८.५ |
| सप्तरी | सखुवा पथर गडा | ७ ख | १२६ | ०-४-१६.५ |
| सप्तरी | सखुवा पथर गडा | ७ क | ४१ | ०-२-१६ १/२ |
| सप्तरी | सखुवा पथर गडा | ७ क | १८ | ०-१-१६ |
| सप्तरी | प्रसवनी | ६ | २२० | ०-८-३ |
| सप्तरी | प्रसवनी | ६ | २४४ | ०-९-१०.५ |
| सप्तरी | प्रसवनी | ६ | ४७३ | ०-३-१.५ |
| सप्तरी | प्रसवनी | ५क | ६७४ | ०-०-७ |

जि.स.रा.वि.न.पा. वडा नं ३ बस्ने स्व.पार्वती देवी चौधरी नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | प्रसवनी | ५क | ३७७ | ०-४-१८ |
| सप्तरी | प्रसवनी | ५क | ३७९ | ०-४-१ |
| सप्तरी | प्रसवनी | ६ | ४७५ | ०-६-११ |

२०८१।०२।२५

अनिल कुमार दास
वडा अध्यक्ष

अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ३

# नौ महिनामा विद्युत् प्राधिकरणको नाफा ११ अर्ब

काठमाडौँ, २५ जेठ (रासस)।

नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८०/८१ को नौ महिनामा रु ११ अर्ब छ करोड बराबरको नाफा कमाएको छ।

प्राधिकरणको चालु आवको चैत महिनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार, यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कूल रु ९३ अर्ब ९४ करोड आम्दानी गरेको छ।

प्राधिकरणले सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाबमोजिम सार्वजनिक गरेको विवरणअनुसार विद्युत् खरिद, प्रशासनिक, आयोजनामा लगानीलगायतमा जम्मा रु ८२ अर्ब ८८ करोड खर्च भएको छ। प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरिद तथा आयोजनामा हुने गरेको छ।

प्राधिकरणले यसअवधिमा रु ११ अर्ब छ करोड नाफा (करकट्टी गर्नुअघि अपरिष्कृत) आर्जन गरेको हो। गत आर्थिक वर्ष २०७९/८० को सोही अवाधिमा प्राधिकरणको नाफा रु आठ अर्ब ८८ करोड थियो। गत आवको मुनाफा रु १३ अर्ब ३७ करोड थियो।

प्राधिकरणको सञ्जित मुनाफा रु ३३ अर्ब ६४ करोड पुगेको छ। आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षहरुबाट निरन्तर नाफामा छ। विद्युत् चुहावट नियन्त्रण, आन्तरिकरुपमा तथा भारतर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा भएको वृद्धि, खर्च नियन्त्रणलगायतले गर्दा चालु आवको नौ महिनामा उल्लेख्य नाफा कमाउन सफल भएको बताउनुभयो।

प्राधिकरणले चालु आवको नौ महिनामा विद्युत् बिक्रीबाट रु ६८ अर्ब ८९ करोड खुद सङ्कलन गरेको छ। यस अवधिमा देशभित्रका निजी क्षेत्रका ऊर्जा उत्पादकबाट र आफ्ना सहायक तथा सम्बद्ध कम्पनीबाट विद्युत् खरिदका रु ३८ अर्ब २० करोड भुक्तानी गरिएको छ।

यसअवधिमा हिउँदयामको माग धान्न रु ११ अर्ब ५५ करोडको विद्युत् भारतबाट आयात गरिएको छ। आन्तरिक रुपमा खपत गरी बढी भएको रु १३ अर्ब ४२ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको प्राधिकरणले जनाएको छ।

**आफ्नो स्रोतबाट झण्डै १८ अर्ब खर्च**

प्राधिकरणले आफूले कमाएको नाफाबाट चालु आवको चैत महिनासम्ममा रु १७ अर्ब ८२ करोड विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनाको लगानी गरेको छ। यसअवधिमा सरकारले विभिन्न आयोजना र ग्रामीण विद्युतीकरणका लागि प्राधिकरणलाई रु एक अर्ब ६३ करोड ऋण दिएको छ।

सरकारले दिएको ऋण र आफ्नो स्रोतबाट यस अवधिमा रु १९ अर्ब ४५ करोड विकास बजेट खर्च भएको छ। यसअवधिमा वैदेशिक सहायतातर्फबाट रु १४ अर्ब ४३ करोड खर्च भएको छ।

सरकारको बजेट सीमितताका कारण सरकारबाट लगानीका लागि पर्याप्त रकम पाउन सकिरहेका छैनौं, यस्तो जटिल अवस्थामा संस्थाले कमाएको नाफाबाट विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरण, विद्युतीकरणतर्फका आयोजनामा प्राधिकरणले हरेक वर्ष अर्बौं रुपैयाँ लगानी गरिरहेको छ।

# स्यानिटरी प्याड वितरणको कार्यविधि संशोधन गर्दै शिक्षा मन्त्रालय

काठमाडौँ, २५ जेठ (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयका छात्राहरूलाई उपलब्ध गराउने स्यानिटरी प्याडसम्बन्धी कार्यविधि संशोधन गर्ने भएको छ।

नेपाल सरकारले स्थानीय तहमार्फत सामुदायिक विद्यालयमा अध्ययनरत छात्राका लागि निःशुल्क स्यानिटरी प्याडका लागि रकम उपलब्ध गराउँदै आएको छ। उक्त स्यानिटरी प्याड सरकारी मापदण्डअनुसार खरिद वितरण र गुणस्तर नभएको भनी विभिन्न सङ्घसंस्था र सञ्चारमाध्यमबाट गुनासो आउने गरेको छ। हाल कार्यान्वयनमा रहेको स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ मा रहेको मापदण्ड पुनरावलोकनका लागि आवाज उठिरहेको थियो।

अहिलेको कार्यविधि बनाउँदा नेपालका लागि स्यानिटरी प्याडको गुणस्तर मापदण्ड निर्धारण भइसकेको थिएन। पछि नापतौल तथा गुणस्तर विभागले गुणस्तर निर्धारण गरेको थियो। यही आधारमा सो कार्यविधिमा भएका प्रावधान संशोधन

*बाँकी अन्तिम पृष्ठमा*


## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं: ४४५

मिति २०८१।०२।२५

विषय: सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने परशु राम चौधरी र समेतले तपसिलका जग्गा संयुक्त नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८१।०२।२३ मा द.न.४७६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.वि.न.पा. वडा नं ३ बस्ने स्व.विन्देश्वरी प्रसाद चौधरी नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | भरुवाखाल | १ | १८२ | ०-२-५ |
| सप्तरी | भरुवाखाल | १ | २१३ | ०-२-१५ |
| सप्तरी | भरुवाखाल | १ | ८४२ | ०-१-१६ |
| सप्तरी | भरुवाखाल | १ | ८४० | ०-०-६.७५ |

अनिल कुमार दास
वडा अध्यक्ष
अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ३



## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।

डढेलोले,
➢वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢वातावरणीय प्रदूषण बढाउँछ,
➢भू-क्षय बढाउँछ,
➢पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विश्व समाचार

## मानहानि मुद्दामा राहुल गान्धीलाई जमानत

बेङ्गलोर, २५ जेठ (रासस/एएफपी)।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँको दल भारतीय जनता पाटी (भाजपा) माथि भ्रष्टाचारको आरोप लगाएको आरोपमा विपक्षी नेता राहुल गान्धीविरुद्ध दायर गरिएको मानहानिको मुद्दामा भारतको एक अदालतले शुक्रबार उहाँलाई जमानत दिएको छ।

त्रिपन्न बर्षीय काङ्ग्रेस नेता गान्धीले सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का सदस्यहरूद्वारा ल्याइएका थुप्रै कानुनी मुद्दाहरूको सामना गर्नुपरेको थियो भने गत वर्ष मानहानिको मुद्दामा दोषी ठहर भएपछि उहाँलाई केही समयका लागि संसद् सदस्यका लागि अयोग्य घोषित गरिएको थियो।

मोदी सरकारद्वारा राजनीतिक रूपमा प्रेरित भएको दाबी गर्ने मुद्दाहरूमा आपराधिक कार्यवाहीको सामना गर्ने धेरै शीर्ष विपक्षी नेताहरूमध्ये उहाँ एक हुनुहुन्छ। गान्धीले उक्त अभियोगमा हिरासत जीवन बस्नुपरेको भने थिएन।

कांग्रेस प्रवक्ता रणदीप सुरजेवालाले एएफपीसँग कुरा गर्दै भन्नुभयो, "उहाँ स्वतन्त्र रहने कि नरहने भन्ने विषयमा भएको पाँच मिनेटको प्रक्रियागत सुनुवाइमा उहाँलाई जमानत दिइएको हो।"

कर्नाटक राज्यका अन्य दुई वरिष्ठ काङ्ग्रेस नेतालाई गत हप्ता नै जमानत दिइएको थियो। गान्धीलाई गत वर्ष सन् २०२३ मा गुजरातको एउटा छुट्टै मुद्दामा दुई वर्षको जेल सजाय सुनाइएको थियो तर भारतको सर्वोच्च अदालतमा अपिलमाथि सुनुवाई गर्दै उहाँलाई जेल बस्नु नपर्ने फैसला आएको थियो।

यद्यपि उक्त सजायले विपक्षी नेतालाई संसदबाट केही समयका लागि अयोग्य घोषित गर्न बाध्य बनाएको थियो तर सर्वोच्च अदालतको फैसलापछि उहाँविरूद्धको आरोप निलम्बन भएको र संसद् सदस्यका रूपमा पुनः स्थापित हुनुभएको थियो।

मोदी र भाजपाले राष्ट्रव्यापी चुनाव जितेको केही दिनपछि शुक्रबार उक्त मुद्दाको फैसला आएको हो। कम बहुमतका कारण भाजपाले गठबन्धन साझेदारसँग निर्भर हुन बाध्य भएको छ।

आलोचकहरूले प्रधानमन्त्री मोदी र उहाँको पार्टीले राजनीतिक प्रतिद्वन्द्वीहरूलाई लक्षित गर्न न्याय प्रणालीको प्रयोग गरेको आरोप लगाएका छन्।

अमेरिकी थिंक ट्यांक फ्रिडम हाउसले भाजपाले 'राजनीतिक प्रतिद्वन्द्वीलाई निशाना बनाउन सरकारी संस्थाहरूको बढ्दो प्रयोग गरेको' उल्लेख गरेको छ।

कंग्रेसको नेतृत्वमा विशाल विपक्षी गठबन्धनको सदस्यसमेत रहनुभएका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा यसै वर्ष जेल पर्नुभएको छ।

केजरीवाललाई गत महिना केही समयका लागि जमानत दिइएको र यसले उहाँलाई चुनावमा प्रचार गर्न अनुमति दिएको थियो तर मतदान सकिएपछि उहाँ हिरासतमा फर्किनुभएको छ।

## म्यान्मामा सर्वसाधारणमाथि गरिएको सैन्य हमलाको 'कडा निन्दा'

संयुक्त राष्ट्रसङ्घ, २५ जेठ (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेर्रेसले बिहीबार म्यान्माका सेनाले हालैका दिनहरूमा थुप्रै सर्वसाधारणको ज्यान लिने गरी पश्चिमी रखाइन राज्य र उत्तरी सागेन क्षेत्रमा गरेको हमलाको कडा निन्दा गर्नुभएको छ।

"महासचिव गुटेर्रेसले म्यान्मा सेनाले नागरिकहरूको ज्यान लिने गरी रखाइन राज्यमा गरेको आक्रमणको कडा निन्दा गर्नुभएको छ," गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

अराकान आर्मी (एए) ले नोभेम्बरमा सत्तारुढ स्ढ जुन्टाको सेनामाथि आक्रमण गरेपछि रखाइन राज्यमा द्वन्द्व बल्झिएको हो।

एएले करिब छ लाख उत्पीडित रोहिङ्ग्या मुस्लिम अल्पसङ्ख्यकको बसोबास रहेको रखाइन राज्य आफ्नो जातीय जनसङ्ख्याको थप स्वायत्तताका लागि लडिरहेको बताएको छ।

यस हप्ता राज्यको राजधानी सिट्वेको उत्तरमा रहेको ब्येन फ्यु गाउँमा गरिएको खोजतलास र कारबाहीका क्रममा जुन्टा सेनाले ७० भन्दा बढी रखाइन नागरिकहरूको हत्या गरेको बताइएको छ। जुन्ताले भने उक्त दाबी केबल हल्ला भएको बताएको छ।

रखाइन राज्यका विभिन्न भागमा फोन र इन्टरनेट सेवा काटिएसँगै यहाँका नागरिक सञ्चारको सुविधाबाट वञ्चित रहेका छन्।

## अमेरिकामा बढ्दो गर्मीका कारण ११ जना अस्पताल भर्ना

वासिङ्टन डीसी, २५ जेठ (रासस/एएनआई)।

एरिजोना राज्यको फिनिक्स शहरमा बढ्दो गर्मीका कारण पूर्व-राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यक्रमका लागि प्रतिक्षा गरिरहेका लगभग एक दर्जन मानिसहरू अस्पतालमा भर्ना भएका छन्।

फिनिक्स फायर विभागले उत्तरी फिनिक्सको ड्रीम सिटी चर्चमा आयोजना गरिएको कार्यक्रममा सहभागी ११ जनालाई अस्पतालमा लगेको द हिलले जनाएको छ।

फिनिक्स राष्ट्रिय मौसम विभागका अनुसार यस वर्ष पहिलो पटक बिहीबार तापक्रम ११० डिग्री फरेनहाइट पुगेको बताएको हो। अनलाइनमा प्रसारण गरिएको भिडियो र फोटोहरूले चरम गर्मीका कारण धेरै मानिसहरू बेहोस भएको र चिकित्सा सहायताको आवश्यकता परेको देखाइएको छ।

# सप्तरीका २४ जनाले विदेशमा गुमाए ज्यान



**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

सप्तरीबाट बैदेशिक रोजगारमा गएका मध्ये १० महिनामा २४ जनाले ज्यान गुमाएका छन् । चालु आर्थिक बर्षको १० महिनामा वैदेशिक रोजगारका क्रममा २४ जना यूवाले ज्यान गुमाएको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

शुक्रवार राजविराज नगरपालिकाको आयोजना, कंचनरुप नगरपालिका, शम्भुनाथ नगरपालिका र राजगढ गाउँपालिकाको सहकार्यमा आयोजित "सुरक्षित वैदेशिक रोजगारीका लागी संचारकर्मीहरु संगको अन्तरकृया" कार्यक्रममा यस्तो तथ्याँक सार्वजनिक गरिएको हो ।

सुरक्षित आप्रवासन कार्यक्रम (सामी) परियोजना अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने उद्देश्यले आयोजित कार्यक्रममा कार्यक्रम संयोजक राजेन्द्र यादवले प्रस्तुत गरेको प्रतिवेदनमा २०८० साउन देखि २०८१ जेठ २५ सम्ममा वैदेशिक रोजगारीका लागी विभिन्न मूलुक गएका मध्ये २४ जनाको मृत्यु भएको उल्लेख छ ।

सीप र सूचना नलिई वैदेशिक रोजगारीमा जाँदा धेरै नेपाली अलपत्र पर्ने, विभिन्न दुर्घट्ना र रोगको शिकार हुने र अन्त्यमा ज्यान सम्म गुमाउने गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ ।

यसै अवधिमा वैदेशिक रोजगारी ठगीका ३८, काम फरकका ६६, असहज कामका ४, स्वास्थ्य समस्याका ३, विभिन्न कारणले विदेशी भुमीमा जेल गएका ४ र सम्पर्क विहिन भएका ४ घट्ना भएको उजुरी प्राप्त भएको आप्रवासी श्रोत केन्द्र सप्तरीकी परामर्शदाता नीता चौधरीले बताईन ।

वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाउनका लागी नगरपालिका र सुरक्षित वैदेशिक रोजगारका लागी आप्रावासी श्रोत केन्द्रको सहकार्यमा सामुदाय स्तरमा विभिन्न गतिविधी थालिएको उनको भनाई छ ।

कार्यक्रमको उदेश्यमाथी प्रकाश पार्दै हेल्भिटास नेपालका कार्यक्रम अधिकृत राम प्रमेश मण्डलले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन वैदेशिक रोजगारीमा जाने यूवा यूवती र तिनका परिवारलाई लक्षित गरी जिल्लाको विभिन्न पालिकामा मनोसमाजिक परार्मश, वित्तिय साक्षरता, निःशुल्क कानूनी सहायता (न्यायमा पहुँच), सूचना तथा परामर्श सेवा (सूचनामा पहुँच) लगायतका कार्यक्रम संचालन गरिएको बताए ।

परियोजनाले हरेक जिल्ला प्रशासन कार्यालयमा सुरक्षित आप्रवासन सूचना केन्द्र, वैदेशिक रोजगारीमा जान इच्छुकलाई निःशुल्क सीपमूलक तालिम, रोजगारीमा रहेकाहरुमा पारिवारीक विचलन आए सहजीकरणको भूमिका, रोजगारीबाट आउने रेमिट्यान्स सदुपयोग गर्न व्यवसायिक लगानीका लागी आवश्यक परार्मश, विदेशमा कम्पनीबाट ठगिएकाहरुलाई न्यायका लागी कानूनी परार्मशमा सहयोग, मुदामामिला, क्षतिपुर्ती राहत तथा अन्य प्रकृयाका लागी सहयोग गर्दै आएका उनले जनाए ।

वैदेशिक रोजगारलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाउनका लागी समूहस्तर मै गएर जानकारी गराउने उदेश्यले यस्ता गतिविधी तिब्र पारिएको आयोजकले जनाएको छ ।

### *स्यानिटरी प्याड ...*

गर्दै मन्त्रालयले स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि को संशोधित मस्यौदा तयार गरेको छ । सो संशोधित कार्यविधिको संशोधन मस्यौदामा सरोकारवाला र विज्ञहरूको सुझाव लिन मन्त्रालयले बिहीबार छलफल गरेको छ ।

छलफल कार्यक्रमपछि मन्त्री श्रेष्ठले स्थानीय सरकारहरूको सुझावका आधारमा छात्रालाई वितरण हुने प्याडको गुणस्तर र मापदण्ड सुधार गर्ने तथा प्रयोग गरेका प्याडको वातावरणमैत्री व्यवस्थापन गर्न छलफलबाट प्राप्त सुझावले सहयोग गरेको बताउनुभयो । "हालसम्म यो परियोजनाले छात्राको विद्यालय छोड्ने दर घटाउन के-कस्तो योगदान गऱ्यो ? अहिलेसम्मका उपलब्धि र चुनौतीलाई ख्याल गरेर नयाँ कार्यविधिलाई अन्तिम रूप दिनेछौँ", मन्त्री श्रेष्ठले भन्नुभयो ।

### *यस वर्षको ...*

आधारमा उक्त अनुमान गरी सोही अनुसार प्रतिकार्यका लागि राष्ट्रिय योजना बनाएर विपद् व्यवस्थापनको पूर्व तयारी गरिरहेको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले बताउनुभयो । यसपटक सरकारले गृह मन्त्रालयमा 'कमाण्ड सेन्टर' स्थापना गरी विपद् व्यवस्थापन कार्य अघि बढाएको छ । विपद् क्षेत्रमा आधा घण्टामा टोली पुग्ने गरी तयारी गरिएको गृहमन्त्रालयले जनाइसकेको छ ।

# मधेश प्रदेश सरकारमा १४ सदस्यीय मन्त्रीमण्डल
# सप्तरीबाटै मुख्यमन्त्रीसहित चार जना मन्त्री






**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सतिशकुमार सिंहले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएसँगै मन्त्री परिषद् समेत बिस्तार गरेका छन् ।

प्रदेश प्रमुख सुमित्रा भण्डारीसमक्ष उनले शपथ लिए । मुख्यमन्त्री सिंहले सत्ता गठबन्धनका अन्य दलहरूसहित १४ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दै सबै मन्त्रीहरुलाई शपथ गराए ।


मन्त्रिपरिषद्मा नेकपा ( माओवादी केन्द्र) का तर्फबाट अर्थमन्त्रीमा प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्रीमा युवराज भट्टराई नियुक्त भएका छन् ।

त्यस्तै, नेकपा (एमाले) बाट संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार विकास मन्त्री, राजकुमार लेखी शिक्षा तथा संस्कृति, शत्रुधनप्रसाद सिंह स्वास्थ्य तथा जनसङ्ख्या तथा केशव राय स्वास्थ्य राज्यमन्त्री र शारदादेवी थापा शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

यस्तै नेकपा (एकीकृत समाजवादी) का तर्फबाट संसदीय दलका नेता समेत रहेका गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, बेची लुङ्गेली ऊर्जा, सिँचाइ र खानेपानीमन्त्री, नेपाल सङ्घीय समाजवादी पार्टीका तर्फबाट विमला अन्सारी गृह, सञ्चार तथा कानुनमन्त्री र नागरिक उन्मुक्ति पार्टीकी उर्मिलादेवी सिंहलाई श्रम तथा यातायातमन्त्रीको जिम्मेवारी दिइएको छ ।

यता मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीसहित चार जना मन्त्री बन्न सफल भएका छन् । मन्त्री मण्डलमा सप्तरीबाट मुख्यमन्त्री सतिश कुमार सिंह, शिक्षा तथा संस्कृती मन्त्री राजकुमार लेखी, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपाने र विनाविभागीय राज्यमन्त्री रञ्जुकुमारी मण्डल खंग छन् ।


## हार्दिक बधाई एवं शुभकामना




सप्तरी क्षेत्र नं. ४ को (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित**गोबिन्द बहादुर न्यौपाने** मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री तथा सप्तरी क्षेत्र नं. १ को (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित **राजकुमार लेखी** शिक्षा तथा संस्कृती मन्त्रीमा नियुक्त हुनुभएकोमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।

**नवीनकुमार गुप्ता**
**प्रकाशक**
राजविराज दैनिक परिवार


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*